# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, असार २५ गते २०५५ साल ( अतिरिक्ताङ्क २५ ( ख )

## भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ को अधिकार प्रयोग गरी जिल्ला विकास समिति चितवनको नाउँमा दर्ता रहेको चैनपुर गा. वि. स. वडा. नं. ७ कैलाश नगरको कि.नं. १६४ र १६८ को जग्गा बिगाह ३–१०–० भवन २०५० सालको भीषण बाढीबाट पीडित ५५ घर धुरी परिवारलाई जि. वि. स. चितवनले हक हस्तान्तरण गरिदिनको लागि मालपोत कार्यालय, चितवनबाट पारित हुने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने गरी निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।